# प्रदेश सभा

# गण्डकी प्रदेश

# छैटौं अधिवेशन

# (पचपन्नौ बैठक)

# कार्यवाहीको सम्पूर्ण विवरण

# मितिः २०७७।०६।०५ गते

प्रदेश सभा, गण्डकी प्रदेशको आठौं अधिवेशनको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा दिनको १ बजेर ७ मिनेटमा प्रारम्भ भयो ।

**माननीय सभामुख नेत्रनाथ अधिकारी**

माननीय सदस्यहरू, आजको बैठकको कारवाही प्रारम्भ हुन्छ ।माननीय सदस्यहरू, सर्वप्रथम नेपालको संविधान जारी भएको पाँचौं वर्ष पूरा भएको अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य निर्माणको लागि प्राण उत्सर्ग गर्ने महान् शहीदहरूप्रति सभा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछ । साथै राष्ट्र हित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताको पटक—पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवम् बेपत्ता, पीडित नागरिकहरू लोकतान्त्रिक गणतन्त्रात्मक

नेपाल निर्माणका लागि योगदान पुऱ्याउनु हुने अग्रजहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दै नेपालको संविधानको सफल कार्यान्वयनका लागि सभा प्रतिबद्धता व्यक्त गर्दछ ।

देशका विभिन्न स्थानमा प्राकृतिक प्रकोपबाट हुन गएको ठूलो जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै उक्त प्रकोपका कारण भएका घाइतेहरूप्रति सभा शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ ।

माननीय सदस्यहरू, अब म माननीय विपक्षी दलका नेता कृष्णचन्द्र नेपाली पोखरेलले विशेष समय माग गर्नु भएकाले बोल्नका लागि अनुमति दिन्छु ।

**माननीय कृष्णचन्द्र नेपाली पोखरेल**

सभामुख महोदय, विशेष समय लिएर केही कुरा राख्न दिनुभएकोमा म धन्यवाद दिन चाहन्छु । मलाई आज बढा आश्चर्य लाग्यो सभामुख महोदय, हाउस शुरु भयो । धेरै समयसम्म सभामा उभिए म । विना बिजनेस हाउस बस्नुपर्ने अवस्था सिर्जना भयो । यो प्राविधिक कारणले भयो या सभामुखज्यूको आफ्नो केही बाध्यताले भयो या हाउसलाई सरकारले जस्तो जुन रेस्पेक्ट दिनुपर्ने हो त्यो नदिएर भयो मलाई आश्चर्य लागेको छ । यदि पछिल्लो कारण हो भने, म सभामुखज्यूमार्फत् आइन्दा भविष्यमा यो प्रदेश सभाको सम्मान र महत्व सम्प्रभूसत्ता कायम राख्नका लागि सत्ता पक्ष र विपक्ष हामी सबैले त्यसलाई कोसिस गरौं म अनुरोध गर्न चाहन्छु । सभामुख महोदय, नेपाली जनताको

बलिदान र बलिदानी संघर्षबाट प्राप्त नेपालको संविधान २०७२ र सो संविधान प्रद्धत संघीय लोकतान्त्रिक गणतन्त्र पाचौं वर्षमा प्रवेश गरेको सन्दर्भमा गत आश्विन ३ गते सम्पूर्ण नेपालीहरूले संविधान दिवस मनायौं । हाम्रो प्रदेशमा पनि कोरोनाको कहरको कारणले गर्दा परम्परागत शैलीमा झैं मुख्य न्यायाधिवक्ताको कार्यालयको आयोजनामा भर्चूअल मिटीङमार्फत् पाँचौं संविधान दिवस मनाइएको कुरा स्मरण गराउँदै यस अवसरमा म ती महान् शहीदहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दै सभामुखज्यूमार्फत् सम्पूर्ण प्रतिनिधि सभाका माननीयज्यूहरू र प्रदेशवासी दिदीबहिनी, दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

सभामुख महोदय, नेपालीहरूको महान् पर्व शुभ विजया दशमी २०७७ प्राविधिक रूपमा पर सरे पनि सोह्र श्राद्ध शुरुवात भइसकेको अवस्था रहेकोले प्रदेशवासी दाजुभाइ, दिदीबहिनीहरूमा शुभविजयादशमीको शुभकामना व्यक्त गर्न चाहन्छु । साथसाथै, विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरस कोभिड-१९ को महामारीका कारण रोजगार गुमाएर गुमाएका र यो विपतको समयमा आफ्ना परिवारहरूसँग बिताउनलाई पर्खेर बसिरहेका विगत तीनचार महिनादेखि अरबका विभिन्न मुलुकहरूमा मलेसियालगायत अन्य मुलुकहरूमा हवाइ सुविधाको प्रतिक्षा गरिरहेका हजारौं हजार युवा, दिदीबहिनी, दाजुभाइहरूलाई सिधै तरिकाले हवाइ सुविधा उपलब्ध गराई जो असक्षम छ त्यसलाई निःशुल्क सेवा उपलब्ध गराई स्वदेशमा ल्याई दशैं मनाउने अवसर प्रदान गरोस् भन्ने केन्द्र सरकारलाई अनुरोध गर्न चाहन्छु ।

सभामुख महोदय, अहिलेको विषम परिस्थिति र दसैंको पूर्व सन्ध्यामा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान र त्यो भन्दा पहिल्यै सरकारसँग सम्झौता भएका तर पूरा गर्न आश्वासन दिएर पनि नदिएका मागहरू राखेर डा. गोविन्द केसीले गर्नुभएको अनशनमा नेपाली काँग्रेस संसदीय दलकोतर्फबाट ऐक्यबद्धता जनाउँदै डा. केसीको मागहरूलाई गम्भीरतापूर्वक लिएर उहाँसँग संवाद गरी डा. केसीको जीवनलाई जोखिमबाट बचाउँदै जायज मागहरूलाई पूरा गर्न सभामुखज्यू मार्फत संघीय सरकारलाई अनुरोध गर्न चाहन्छु ।

सभामुख महोदय, कोभिड-१९ को कहर विकराल बन्दै उत्सर्गमा पुगेको छ । नेपालमा ६४ हजार १ सय २२ संक्रमित भई ४११ को दुखद मृत्यु हुनु र गण्डकी प्रदेशमा ३४७८ संक्रमित भई ३२ जनाले असामयिक मृत्युवरण गर्नुले पीडा र चिन्ता मात्र बढाएको छैन । अब अझ बढी गम्भिर, अझ बढी संवेदनशील र अझ बढी प्रभावकारी क्रियाशील बन्न उत्प्रेरित गराएको छ । यसैबीच गण्डकी प्रदेश सभाका सदस्य, विधायन समितिका सभापति माननीय मोहन रेग्मीजीसमेत कोरोनाबाट संक्रमित हुनुभएको छ । म माननीय मोहन रेग्मीसमेत सबै कोरोना प्रभावितहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु र जीवन गुमाउनु हुने सबैप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु ।

सभामुख महोदय, यसैबीचमा हाम्रो प्रदेशको बागलुङ जिल्लालगायतका ठाउँमा असाधारण किसिमको प्राकृतिक प्रकोप बाढीपहिरो आइलाग्यो र फेरि धनजनको

क्षती भएको अवस्था छ । यस अवस्थामा म ती सबै परिवारमा जो निधन हुनुभएका उहाँहरूलाई श्रद्धाञ्जली र जो बेपत्ता हुनुहुन्छ उहाँहरूको चाँडै पत्ता लगाउनका लागि र घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको पनि कामना गर्न चाहन्छु । कोरोनाले मारक क्षमताको विस्तार गर्दै आफूलाई समुदायमा फैलाइरहेको छ । यो सर्वाधिक चिन्ताको विषय त छ नै । यसको साथसाथै अन्तर्राष्ट्रिय ख्याती प्राप्त संस्था र अध्ययन, अनुसन्धान गर्ने निकायहरूले नेपालको कोरोनाको व्यापक दुष्प्रभावबारे गरिएको प्रक्षेपणले भयावह भविष्यको संकेत गरिरहेको छ ।

माननीय सभामुखज्यू, यस विषम परिस्थितिमा सरकार, प्रतिपक्ष र सिंगो प्रदेश सभाले आफ्ना आग्रह, पूर्वाग्रह विमति र असमझदारीलाई प्रत्याभूत गरी प्रदेशका जनताको जीवन रक्षा र कोरोनाबाट सिर्जित दुष्प्रभावलाई न्यूनीकरण गर्दै अन्त्य गर्न एकताबद्ध भई सामूहिक संकल्प गर्न विलम्ब गर्न हुँदैन । सभामुख महोदय, यसका लागि हामीले सरकार समक्ष सभामुखखमार्फत हामीले केही मागहरू राखेका छौं :-

१) हालको बिरामीको चापलाई विस्थापन गर्न सकिने गरी सबै जिल्ला अस्पतालहरूमा आवश्यक भेन्टिलटर, आइसियु बोर्डको व्यवस्था गरियोस् र यस सम्बन्धमा चालु आर्थिक वर्षमा विनियोजित बजेट समयमै खर्च गर्ने व्यवस्था गरियोस् ।

२) बिरामीहरू विशेष गरी कोरोनाको कारण बिमार भएकाहरूका लागि यान्त्रिक रूपमा अक्सिजन दिनुपर्ने हुँदा न्यूनतम पनि प्रदेश अन्तर्गतका ११ वटै अस्पतालमा अस्सिजन प्लान्ट स्थापना गरियोस् ।

३) अस्पतालहरूको पूर्वधार विकास एवं स्तरोन्नति गर्ने, अक्सिजन प्लान्ट सञ्चालन र आपूर्ति, उपचार व्यवस्थापनका लागि दक्षजनशक्तिको व्यवस्थापन तत्काल गरियोस् ।

४) गम्भीर प्रकृतिका बिरामीको उपचारका लागि आवश्यक व्यवस्था, क्षमता विस्तार एवम् विकास गरियोस् ।

५) लेखनाथस्थित संक्रामक तथा सरुवा रोग अस्पतालको क्षमता बिस्तार, पूर्वाधार निर्माण, कोभिड १९ सम्बन्धी सेवा व्यवस्थापन एवम् क्षमता बिस्तार गरियोस् । त्यस्तै धौलागिरी अस्पताल बाग्लुङलाई उपप्रादेशिक अस्पताल बनाउनेतर्फ पनि द्रुत गतिमा अगाडि बढाइयोस् ।

६) प्रादेशिक प्रयोगशालालाई स्तरोन्नति गरी अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको बनाउने प्रक्रिया शीघ्राती शीघ्र प्रारम्भ गरियोस् ।

७) लकडाउन क्रमशः खुकुलो हुँदै गई सार्वजनिक सवारी साधन, आन्तरिक हवाई उडान सुचारु भइसकेको र केही दिन मै अन्तर्राष्ट्रिय उडान पनि हुने दसैं, तिहार, छठलगायतको ठूलो चाड पनि संनिकट हुँदा व्यापक आवातजावत र भीडभाड हुने निकट भविष्य हाम्रा लागि ठूलो चुनौती बन्ने

अवश्यम्भावी छ । यसको पूर्व तयारीका लागि न्यूनतम पनि ५० हजार जनाको परीक्षण गर्न आवश्यक किट, भिटिएम, इडिइ लगायतका स्वास्थ्य सामग्रीको भण्डारण तत्काल गरियोस् ।

८) पुरानो भौगोलिक प्रशासनिक संरचना अनुसार भावनात्क रूपले मात्र होइन, भुगोलको हिसाबले पनि टाढा रहेको नवलपुर जिल्लाका नागरिकले अन्य प्रदेशमा जानुपर्ने बाध्यता हाम्रा लागि चिन्ताको विषय बन्नुपर्दछ । तसर्थ नवलपुर जिल्लामा एक पीसीआर मेसिनसहितको ल्याब स्थापना गरी त्यही नै परीक्षण गर्ने व्यवस्था तत्काल मिलाइयोस् । यसैगरी साविक गण्डकी र लुम्बिनी अञ्चल जस्तै धौलागिरि अञ्चलको बाग्लुङ जिल्लामासमेत पीसीआर मेसिन जडान गरी त्यस भेगका वासिन्दाहरूको परीक्षण र उपचारको शीघ्र व्यवस्था गरियोस् ।

९) मृतकहरूको शव सुरक्षणका लागि सबै जिल्ला अस्पतालमा मर्सरी च्याम्बर्सको व्यवस्था गरियोस् ।

सभामुख महोदय, जुनसुकै निर्वाचन प्रणालीबाट निर्वाचित भए प्रदेश सभामा प्रवेश गरे पनि सबै सदस्यको गरिमा, भूमिका र कर्तव्यका हिसाबले समान हुन् । तसर्थ सरकारले फरक निर्वाचन प्रणालीबाट निर्वाचित माननीयहरू बीच विभेद गर्नु वा तत्सम्बन्धी दस्तावेज वा कानून बनाउनु प्रथा गलत हुन्छ । अन्य स्थानका गलत अभ्यासलाई नजिर बनाएर नक्कल गर्नु बुद्धिमानी हुँदैन । निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम सञ्चालन गर्न सरकारले बनाएको कार्यविधिले

समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित माननीयहरूलाई दोयम दर्जाको रूपमा गरिएको व्यवहार र त्यसका प्रति नेपाली काँग्रेस गम्भिर असहमति राख्दछ । त्यस्तो दस्तावेजलाई सच्याउन सरकारलाई आग्रहसमेत गर्दछ ।

सभामुख महोदय, सरकारले कोभिड १९ सम्बन्धी हामीले दिएका सुझाव र राखेका माग तथा सरोकारलाई सकारात्मक, सरोकारलाई सकारात्मक सम्बोधन गरेको खण्डमा निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमको कार्यविधिमा हाम्रो गम्भिर आपत्ति र असहमति भए पनि यस विषयमा सदन अवरुद्ध गर्न हामीले आवश्यक ठान्दैनौं । त्यसैले हाम्रा समसामयिक सरकारको प्रभावकारी कार्यान्वयनलाई बढाउने उद्देश्यबाट प्रस्तुत रचनात्मक सुझावहरूलाई प्रदेश सरकारले ग्रहण गरोस् भन्ने कुरा सभामुखमार्फत प्रस्तुत गर्दै मेरा भनाइहरू यही बन्द गर्न चाहन्छु धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्यहरू, अब म माननीय मुख्यमन्त्री श्री पृथ्वीसुब्बा गुरुङलाई सभालाई सम्बोधन गर्न अनुमति दिन्छु ।

**माननीय मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ**

माननीय सभामुखज्यू, कोभिड-१९ को कहरको कारणले हामी लामो समयदेखि प्रदेश सभामा छैनौं । त्यसमाथि पनि प्रदेश सरकारले निर्वाचन क्षेत्र विकास पूर्वाधार कार्यक्रमको कार्यविधि बनायो र त्यो कार्यविधिसँग केही अहसमति राखेर

यो संसद अवरुद्ध भएको छ र आज देखि हामी यो संसद खोलेर संसदीय गतिविधिलाई अगाडि बढाउँदै छौं । यस स्थिति सिर्जना गर्नु हुने सत्ता पक्षका माननीयज्यूहरू, प्रतिपक्षका माननीयज्यूहरू सबैलाई म धन्यवाद दिन चाहन्छु । हामी आखिर एउटा सहमतिमा पुगेका छौं र यो संसदको कारवाही सुरु हुँदै छ हामो यो । म आफ्नो भनाई राखुभन्दा अगाडि कोभिड-१९ का कारण आफ्नो जीवन गुमाउनु हुने गण्डकीवासी सम्पूर्ण व्यक्तिहरूलाई हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । जो बिरामी हुनुहुन्छ, वाडमा हुनुहुन्छ उहाँहरूलाई शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । यो मनसुनको यो अवधिमा मनसुनको वर्षाका कारणले गण्डकी प्रदेश सबैभन्दा बढी प्रभावित रह्यो । बाढी पहिरोको कारण थुप्रै धनजनको नोक्सान भएको छ । पर्वतबाट शुरु भएको यो प्रकोप म्याग्दी, बाग्लुङ, तनहुँ, स्याङ्जा, कास्की, लमजुङ हुँदै थुप्रै व्यक्तिहरूको ज्यान गएको छ । त्यो बाढी पहिरोको कारणले आफ्नो ज्यान गुमाउनु हुने सम्पूर्ण गण्डकी प्रदेशवासी दाजुभाइ दिदीबहिनीप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु र घाइते सम्पूर्ण महानुभावहरूको शीघ्र स्वास्थ्य लाभको पनि कामना गर्न चाहन्छु। यही क्रममा गण्डकी प्रदेश सरकारले यो कोभिड १९ को यो कहरको साथसाथ बाढी पहिरोको जुन संकट आइपरेको छ । त्यो बाढी पहिरोको संकटको कारणले जति हाम्रो धनजनको नोक्सान भएको छ । हामीले धेरै ठाउँमा तत्कालै राहत पनि पठाउने काम गरेका छौं । संघ सरकारको तर्फबाट, प्रदेश सरकारकोतर्फबाट, स्थानीय सरकारकोतर्फबाट रेस्क्यु गर्ने, राहत उपलब्ध

गराउने, पुनस्र्थापना गर्ने, अस्थायी बसोबासको प्रबन्ध गर्ने, त्यो साथसाथै सरकारले गर्नैपर्ने नीतिगत रूपमा त्यो बाढीपहिरोको कारणले, भूस्खलनका कारणले आफ्नो घर गुमाएका, घर ध्वस्त भएका या पुरिएका सबै घरहरूको पुर्निनिर्माणका लागि हामीले एउटका कार्यविधि बनाएर विधि बनाएर अगाडि बढ्ने प्रतिबद्धता पनि जाहेर गरेका छौं । नेपाल सरकारले सम्पूर्ण रुपले नोक्सान भएको, पुरिएको, बगाएको त्यस्तो घरहरू पनि निर्माणका लागि भूकम्पको संकटमा गराए जस्तै राष्ट्रिय पुर्न निर्माण कार्यविधिले जुन कार्यविधि अनुसार काम गरिरहेको थियो । त्यही कार्यविधिलाई फलोअप गरेर यसका प्राकृतिक प्रकोपका कारणले नष्ट भएकाहरू अब निर्माणका लागि प्रतिबद्धता नेपाल सरकारले पनि जनाएको छ । र, यसरी घर बनाउने तहमा पुगेका, आंशीक रूपले घर नष्ट भएकालाई एक लाख रूपैयाँ प्रदान गर्ने काम र सिंगो घर बनाउनु पर्दा बस्ती नै सार्नुपर्दा नेपाल सरकारले तीन लाख प्रतिघर उपलब्ध गराउने एउटा नीतिगत निर्णय मन्त्रीपरिषद्ले गरिसकेको हुनाले यससँग यो कार्यक्रमसँग कोल्याबे्रसन गरेर गण्डकी प्रदेशको जति घर नोक्सान भाछ त्यो बराबरको घरहरूको सकिन्छ हामी धेरै ठाउँमा जस्तो लमजुङको दुवार, चाङसिङको गाउँ भूकम्पमा पऱ्या छ । स्याङ्जाको बिरुवा गाउँपालिका गाउँको नाम अहिले भुले मैले । त्यो गाउँको पनि त्यही समस्या देखिया छ । म्याग्दीको अरुवाङमा त्यस्तै समस्या छ । भूस्खलको कारणले सिँगो बस्ती सानुपर्ने भएको कारणले त्यस्ता ठाउँहरूमा बस्ती विकासका लागि जग्गा जमिन उपलब्ध गराउने काम संघीय

सरकारको हो, स्थानीय सरकारले त्यस्तो घरहरू, प्रदेश सरकारले नयाँ बस्ती सारेर घरहरू बनाउने छौं भनेर प्रतिबद्धता जाहेर गरेका छौं । अहिले माननीय प्रमुख प्रतिपक्ष दलका नेताले जुन कुराहरू राखुभाछ । खास गरिकन कोभिड-१९ को कारणले जुन समस्या हामी भोगिरहेका छौं । जुन खालको संकटको अवस्था सामना गर्न परिरहेको छ । जसरी धेरै व्यक्तिहरूले जीवन गुमाउन पऱ्या छ । यस्तो परिस्थितिमा हाम्रो रोकथाम उपचार र नियन्त्रणको प्रबन्धहहरू के—के हुन सक्छ ? हामीले के—के गऱ्या छौ ? अरु सबै नेपाल सरकार प्रदेश सरकारले गरेको कामहरू थाहा नभएर पनि हुन सक्दछ । कतिपय कुरामा यो कोभिड-१९ को रोकथाम र नियन्त्रणको काम प्रभावकारी ढंगले सञ्चालन हुन सकोस् भन्ने अभिप्राय प्रदेश सरकारप्रति उहाँहरूले जुन खानको सुझाव राखु भाछ त्यसमा सरकारको गम्भिर ध्यानाकर्षण भएको र त्यसलाई गण्डकी प्रदेश सरकारको आफ्नो सामर्थ्य, आफ्नो सीमा, श्रोत र साधनले भ्याएसम्म सम्पन्न गर्ने कुरा, म त्यसलाई अगाडि बढाउने कुरा पनि यहाँहरूसमक्ष निवेदन गर्न चाहन्छु । यसैक्रममा माननीय सदस्हरूले उठाउनु भएका धेरै विषयहरू खस गरेर कोभिड १९ को रोकथाम, उपचार र नियन्त्रणसम्बन्धी विषयहरू, जोडिएका विषयहरूको बारेमा अहिलेसम्म गण्डकी प्रदेश सरकारले गरेका कामहरूको छोटकरीमा म चर्चा गर्न चाहन्छु ।

माननीय सभामुख महोदय, सर्वप्रथम राष्ट्रले भोगिरहेको कोभिड १९ को समस्याको बारेमा सम्मानित सदन समक्ष आफ्ना महत्वपूर्ण विचार प्रस्तुत गर्नु

भएकोमा म प्रमुख प्रतिपक्षका माननीय सदस्यहरूलाई र खासगरी प्रमुख प्रतिपक्षी दलका संसदीय दलका नेता माननीय कृष्णचन्द्र नेपालीज्यूलाई धन्यवाद व्यक्त गर्न चाहन्छु ।

राष्ट्रमा आइपरेको विपत्को समयमा कुनै पनि आग्रह नराखी वा पक्ष विपक्ष नभनी जनताको जीवन रक्षा गर्ने तथा सबै एकताबद्ध भई कोभिड-१९ को कारण मुलुकमा सिर्जना भएको विषय परिस्थतिको सामना गर्नु, मन, वचन र कर्मले लागि पर्नुपर्छ भन्ने माननीय सदस्यज्यूहरूको भावनासँग म पूर्ण सहमत छु । कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण र उपचारका कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन तथा यसबाट समग्र राष्ट्र र जनतामा पर्नसक्ने दुष्प्रभाव न्यूनीकरण गर्न गण्डकी प्रदेश सरकार अत्यन्त जिम्मेवारपूर्ण ढंगले निरन्तर रूपमा लागि परेको व्यहोरा सम्मानित सदन समक्ष प्रस्तुत गर्दै जनताको जीवन रक्षाका लागि, रक्षाका साथै जनजीविकाको समस्या समाधानका लागि गण्डकी प्रदेश सरकारले कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता यस सम्मानित सदनसमक्ष पुनः व्यक्त गर्न चाहन्छु ।

कोभिड १९ को महामारीको कारण जनतामा पर्न गएको समस्या र असुविधाप्रति सरकार पूर्ण रूपमा सजग छ । यस सन्दर्भमा विभिन्न असहजता र अप्ठ्याराका बाबजुद कोभिड-१९ बिरुद्धको लडाइमा निरन्तर रूपमा सरकारलाई साथ, समर्थन र सहयोग पुऱ्याउनु भएकोमा सम्पूर्ण प्रदेशवासीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै कोभिड-१९ को महामारीको सन्दर्भमा दुःखद मृत्युवरण

गर्नुभएका सबैप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै सबै कोभिड-१९ संक्रमित व्यक्तिहरूको शीघ्र स्वास्थ्य लाभको कामना फेरि पनि दोहोऱ्याउन चाहन्छु ।

सभामुख महोदय, अब म प्रमुख प्रतिपक्ष दलकोतर्फबाट यस सम्मानित सदनमा प्रस्तुत भएको चासो र चिन्ता तथा उठाइएका विभिन्न जिज्ञासा र समाधानका बारेमा तपाईंहरूको ध्यानाकर्षण गर्ने अनुमति चाहन्छु ।

नेपालमा कोभिड-१९ भाइरसको संक्रमण देखा पर्नासाथ गण्डकी प्रदेश सरकारले प्रदेश अन्तर्गत रहेका ११ वटै जिल्लास्तरका अस्पतालहरूमा आइसियुबेड र भेन्टिलेटर खरिद गरी सघन उपचार कक्ष सञ्चालन गर्न आवश्यक रकम व्यवस्था गरी सबै अस्पतालमा औषधि पठाइएको व्यहोरा यहाँहरू सबैमा अवगत नै छ । गत आर्थिक वर्षमा भेन्टिलेटर, आइसियु बेर्डलगायतको महत्वपूर्ण स्वास्थ्य उपकरण, सामग्रीहरूको खरिद प्रक्रिया शुरु गर्नुसाथ देशभर लकडाउन भएको कारणले सिर्जना भएको असहजताका बाबजुद १७ वटा भेन्टिलेटर र २७ वटा आइसियु बेड खरिद भइसकेको र लक्ष्य बमोजिम सबै जिल्लाहरूमा आइसियु बेर्ड र भेन्टिलेटर खरिद गर्ने गरी चालु आर्थिक वर्षमा आवश्यक बजेट व्यवस्था गरी खरिद प्रक्रिया अगाडि बढाइएको छ । यसैगरी कोभिड १९ संक्रमित बिरामीहरूको उपचारका लागि अति आवश्यक उच्च फलोयुक्त नियमित अक्सिजनको आपूर्ति गर्न सबै जिल्ला अस्पतालहरूमा अक्सिजन प्लान्ट जडान गर्ने लक्ष्यका साथ खरिद प्रक्रिया अगाडि बढाइएको छ । गण्डकी प्रदेशको मातहतमा रहेका सबै जिल्ला अस्पतालहरूमा अक्सिजन प्लान्ट स्थापना

गर्नको लागि हामीले नीतिगत निर्णय र प्रक्रिया अगाडि बढाइसक्या छ । हाल धौलागिरी उपप्रादेशिक अस्पतालमा अक्सिजन उत्पादन शुरु भइसकेको व्यहोरा जानकारी गराउन चाहन्छु । मातृशिशु मितेरी अस्पताल कास्कीमा अक्सिजन प्लान्ट जडान कार्य पूरा भइसकेको, केही दिनमा उत्पादन शुरु हुने व्यहोरासमेत जानकारी गराउन चाहन्छु । गार्खा बेनी, गोर्खा अस्पताल, बेनी अस्पताल, म्याग्दी, पर्वत अस्पताल, मनाङ, मुस्ताङ र स्याङ्जा अस्पतालमा अक्सिजन प्लान्ट खरिद भएको र सो जडानका लागि आवश्यक अन्य सामग्री खरिद प्रक्रिया अगाडि बढाइसकिएको छ । गत आर्थिक वर्षमा खरिद गर्न बाँकी लमजुङ र दमौली अस्पतालहरूमा टेन्डर प्रक्रिया अगाडि बढाइसकिएको छ त्यसप्रकार सम्पूर्ण जिल्ला अस्पतालहरूमा अक्सिजन प्लान्ट जडान गरी उच्च फ्लोयुक्त अक्सिजनको आपूर्ति सुनिश्चितता गर्ने कार्ययोजना अगाडि बढाइएको कुरा सम्मानित सदन समक्ष जानकारी गराउन चाहन्छु । माननीय सदस्यहरूले प्रस्तुत गर्नुभए जस्तो आइसीयू सञ्चालन गर्ने कार्य त्यति सहज छैन । त्यसका लागि दक्ष जनशक्ति आवश्यक पर्दछ । यसै वास्तविकतालाई हृदयङ्गम गरी वीर अस्पतालका दक्ष चिकित्सकहरूबाट पोखरामा एक व्याजलाई आइसीयू सञ्चालन सम्बन्धी तालिम सञ्चालन गराइएको छ । सबै अस्पतालको आइसीयू सञ्चालन टिमलाई बिस्तारै उपब्ध लगाउने गरी बजेट व्यवस्था गराउनुका साथै सोका लागि व्यवस्थापनको कार्य अगाडि बढाइसकिएको व्यहोरासमेत जानकारी गराउँदछु । साथै आइसियु सञ्चालन गर्न सक्ने दक्ष जनशक्ति करारमा लिई

सेवा सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था मिलाई प्रक्रिया अगाडि बढाइएको व्यहोरा पनि अवगत गराउन चाहन्छु । यसबाट गम्भिर प्रकृतिका बिरामीको उपचारका लागि प्रदेश अन्तर्गतका अस्पतालहरूको क्षमता विकास हुनेछ भन्ने विश्वास लिएको छु । यसैगरी गण्डकी प्रदेशभरका अस्पताल, स्वास्थ्य कार्यालय र आयुर्वेद केन्द्रहरूमा रिक्त रहेको दरबन्दीमा तत्काल स्थायी पदपूर्ति हुन नसक्ने अवस्थामा त्यसलाई रिक्त दरबन्दीमा अस्थायी रूपमा करार आपूर्ति गर्नका लागि प्रदेश सरकारले कार्यविधि स्वीकृत गरिसकेको छ । हाल करारमा लिनैपर्ने अत्यावश्यक संख्या निर्धारण गरी तत्काललाई १०४ जना जनशक्ति करारमा लिने गरी प्रक्रिया अगाडि बढाइसकिएको छ । त्यसका साथै स्वयमसेवकहरूका लागि अन्तर्वातासमेत सम्पन्न भई नतिजा प्रकाशन हुने चरणमा छ । यसबाट जनशक्ति व्यवस्थापनमा धेरै हदसम्म सहज हुने आशा गरिएको छ । प्रदेश अन्तर्गतका अस्पतालको स्तरोन्नति गर्ने निर्णय भइसकेको छ । जस अनुसार मनाङ र मुस्ताङमा २५ शैय्या र पर्वत, स्याङ्जा, मातृशिशु मितेरी कास्की, दमौली र मध्यबिन्दु अस्पताललाई ५०—५० शैय्याका साथै धौलागिरी उपप्रदेशिक अस्पताललाई ३०० शैय्याको अस्पतालमा स्तरोन्नति गरिने छ । मुस्ताङ जिल्ला अस्पतालको डिपिआरका लागि इआइए सम्पन्न भई लागत अनुमानसमेत स्वीकृत भइसकेको छ । दमौली अस्पतालका लागि जग्गा प्राप्ति प्रक्रिया अगाडि बढाइएको छ । अस्पतालहरूको स्तरोन्नतिका लागि बजेटको व्यवस्था गरिसकिएको छ । स्याङ्जा, मातृशिशु मितेरी, दमौली र मध्यनेपालमा

रहेको पीपीआरका लागि बजेट विनियोजन भए बमोजिम कार्य तथा निर्देशिका तयार गरिसकिएको छ ।

सभामुख महोदय, कोभिड-१९ महामारीले हरेक प्रदेशमा कम्तिमा एक एकवटा सुविधा सम्पन्न अस्पताल हुनुपर्ने आवश्यकतालाई उजागर गरेको छ । यसै बस्तुस्थितिलाई मध्यनजर गरी गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्षको शुरुवातकै दिनमा संक्रामक तथा सरुवा रोग अस्पताल स्थापना गरी सञ्चालनमा ल्याएको छ । अस्पतालाई व्यवस्थित रूपमा सञ्चालन गर्नका लागि संगठन संरचना निर्माण अध्ययन तथा व्यवस्थापन गरिसकिएको छ । अध्ययन प्रतिवेदनमा रहेको अल्पकालीन र दीर्घकालीन कामको प्रक्रिया शुरु भइसकेको छ । यो भनेको चाही लेखनाथ सामुदायिक लायन्स अस्पताल गण्डकी प्रदेश सरकारले त्यहाँको समुदायलाई हस्तान्तरण गर्‍यो । र त्यो अस्पतालाई हामीले गण्डकी प्रदेश संक्रामक तथा सरुवा रोग अस्पतालको रूपमा स्थापना गर्‍यौं । अहिले त्यसको पूर्वाधारहरूको सुध्रिढीकरणको काम अगाडि बढिसकेको छ । जनशक्ति व्यवस्थापनको काम पनि अगाडि बढाइराखिएको छ ।

उक्त अस्पतालको पूर्वाधार विकास एवम् सुधार गरी तत्काल आवश्यक तीन जना चिकित्सकलाई काजमा खटाई मिति २०७७/०४/२६ गतेदेखि कोभिड-१९ संक्रमित बिरामीको उपचार शुरु भएको र अन्य सामान्य सेवा पनि सूचारु भइरहेको व्यहोरा जानकारी गराउँछु । हाल उक्त अस्पतालमा ४० शैय्या सञ्चालन भएको र अब थप १० शैय्या तत्काल थप्ने गरी काम भइरहेको

छ । अस्पताल सञ्चालनका लागि तलब, भत्ता, सवारी साधन, औषधि उपकरण आदिको लागि ४ करोड ४८ लाख निकासा भइसकेको छ । उक्त अस्पताललाई सेवाग्राहीहरूको समग्र अस्पतालमा स्तरोन्नति गर्ने उद्देश्यले नयाँ भौतिक पूर्वाधार निर्माणका लागि प्रक्रिया अगाडि बढाइएको छ । भवन निर्माणको पूर्वाधार तयार भएको र भवन डिजाइनको कार्य भइरहेको छ ।

यसैगरी धौलागिरी उपप्रादेशिक अस्पताल बागलुङको हालको ५० शैय्यामा वृद्धि गरी १०० शैय्याको उपप्रादेशिक अस्पतालको रूपमा स्तरोन्नति गर्ने नीतिअनुरुप आवश्यक जग्गा प्राप्तिका साथै पूर्वाधार थप्नका लागि डिपिआरको प्रक्रिया अगाडि बढाइसकिएको छ । त्यसका लागि कार्य निर्देश पनि तयार भइसकेको छ । प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाको आफ्नै पीसीआर परीक्षणमा उल्लेख्य वृद्धि र विस्तार गरी हिजोसम्मको कूल परीक्षण ६२ हजार ९ सय २६ पुऱ्याइएको व्यहोरा जानकारी गराउन चाहन्छु । संक्रमणको दृष्टिले जोखिमपूर्ण क्षेत्र पहिचान गरी परीक्षणको दायरा निरन्तर रूपमा वृद्धि गर्ने कार्य भइरहेको छ ।

त्यसका लागि आवश्यक मेसिन, उपकरण, किडस् आदिका साथसाथै जनशक्तिकोसमेत पर्याप्त व्यवस्था गरिएको छ । उक्त प्रयोगशालाको स्तरोन्नति गरी अत्याधुनिक प्रयोगशालाका रूपमा सञ्चालन गर्ने उद्देश्यले प्रयोगशालाको भवन निर्माण एवम् पूर्वाधार निर्माणका लागि जग्गा प्राप्ति र डिपीआरको प्रक्रिया शुरु भएको छ । संक्रमणको फैलावटलाई समयमै पहिचान गरी उपचार

व्यवस्थापन गर्नका लागि आवश्यक पर्ने भिटिएम, पीपीई र प्रियोजेन आदि खरिद गरी सोको प्रयाप्त व्यवस्था गरिएको छ । त्यसका लागि संघीय सरकारसमेत निरन्तर संवाद भइरहेको छ । खरिद गरिएका उपकरण, औजार तथा सामग्रीलाई उचित तबरबाट भण्डार गर्नका लागि स्टोर भवनको मर्मत सम्भार भइसकेको छ । प्रदेश स्वास्थ्य आपूर्ति केन्द्रको भवन निर्माणका लागि जग्गा प्राप्ति गर्ने सन्दर्भमा संवद्ध निकायहरूसँग छलफल भइरहेको छ । जग्गा प्राप्ति हुनासाथ भवन निर्माण प्रक्रिया अगाडि बढाउने आवश्यक तयारी अगाडि बढाइएको छ । नवलपरासी जिल्ला सुस्तापूर्वको मध्यबिन्दु जिल्ला अस्पतालमा कोभिड-१९ संक्रमितको संक्रमण बढ्दै गइरहेको सन्दर्भमा, जिल्लामा कोभिड १९ संक्रमितको संक्रमण बढ्दै गइरहेको सन्दर्भमा मध्यबिन्दु जिल्लामा अस्पतालमा आरटी पीसीआर ल्याबको पूर्वाधारको विकास र आवश्यक मेसिन उपकरण खरिद एवम् जडान गरी पीसीआर परीक्षणको व्यवस्था मिलाउने योजनाका साथ कार्य अगाडि बढाइएको छ । त्यसका लागि करिब हामीले ४ करोडको इस्टिमेटमा प्रपोजल तयार गरेका छौं र खरिद प्रक्रिया अगाडि बढाइरहेका छौं ।

यसका लागि आवश्यक पहिचान गरी लागत अनुमानसहित बजेट माग गर्न निर्देशन दिएको छ । करिब ४ करोडको स्टिमेट हामीले गरिसकेका छौं । यसैगरी धौलागिरी उपप्रादेशिक अस्पताल बाग्लुङमासमेत संघीय सरकारको समन्वयमा पीसीआर ल्याब स्थापना गरी सञ्चालनमा ल्याउने कार्य प्रारम्भ

भइसकेको छ । यस प्रदेश अन्तर्गतका मातृशिशु मितेरी अस्पतालबाहेक सबै जिल्ला अस्पतालमा सञ्चालन भइरहेको पोष्टमार्टमलाई व्यवस्थित गर्नका लागि गत आ.व. २०७६/०७७ मा मर्सरी च्याम्बर खरिद गर्न प्रत्येक अस्पतालमा रु ८ लाखका दरले रु ७२ लाख बिनियोजन भएकोमा स्याङ्जा, मनाङ र लमजुङ अस्पताल बाहेक सबैमा खरिद कार्य सम्पन्न भएको छ । बाँकी तीन जिल्ला स्याङ्जा, मनाङ र लमजुङमा यस आर्थिक वर्षमा  खरिद गरी जडान गरिने बजेट व्यवस्था गरिएको छ । धवलागिरी उपप्रादेशिक अस्पताल बागलुङमा भने आ.ब. २०७५/०७६ देखि नै मर्सरी च्याम्बर सञ्चालनमा ल्याइसकेको जानकारी गराउँछु ।

सभामुख महोदय, पछिल्लो समयमा संक्रमणको दरमा वृद्धि भइरहेको भए तापनि प्रदेश सरकारको निरन्तर पर्यत्न र प्रयास स्वरूप कोभिड १९ को संक्रमण नियन्त्रणमा यस प्रदेशले तुलनात्मक रूपमा राम्रो सन्देश दिन सफल भएको छ । हाल मुस्ताङ र म्याग्दीमा सक्रिय संक्रमण शून्य रहेको छ । त्यसैगरी सक्रिय पोजेटिभ केश पनि ६ प्रतिशत मात्र रहेको छ । प्रति एकलाख जनसंख्यामा नेपालमा सरदर २१०.७ प्रतिशत कोभिड-१९ संक्रमणको केश रहेकोमा यस प्रदेशमा सो संख्या १४७.४ रहेको छ । त्यसैगरी संक्रमितहरूलाई संस्थागत आइसोलेसनमा राखी उपचार गर्ने सन्दर्भमा यो प्रदेश सरकार अग्र स्थानमा रहेको छ । नेपालको संस्थागत आइसोलेसनमा उपचार गर्ने सरदर ५३.४ प्रतिशत रहेकोमा सो दर यस प्रदेशमा ८१.७ रहेको कुरा यो

सम्मानित सदनमा जानकारी गराउन चाहन्छु । यसबाट समुदायस्तरमा संक्रमण बढ्ने जोखिम न्यून भएको छ । अन्त्यमा कोभिड १९ को संक्रमण रोकथाम, नियन्त्रण र उपचार कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने सन्दर्भमा योगदान पुऱ्याउनु हुने सबै जनप्रतिनिधिहरू, राजनीतिक दलहरू, विभिन्न तह र तप्काका राष्ट्रसेवक, सुरक्षाकर्मी, मिडियाकर्मी, व्यवसायिक संघसंस्थालगायत सम्बन्धित सबैमा हार्दिक धन्यवाद दिँदै आगामी दिनमासमेत कोभिड-१९ नियन्त्रणको अभियानमा सबैको साथ, सहयोग र समर्थन प्राप्त हुने अपेक्षा गरेको छु ।

सभामुख महोदय, मैले यी कुराहरू राखिरहँदा खेरी अहिले पनि केही कुराहरू, कति खर्चका कुराहरू, रकमको, रकम कति खर्च भयो होला जिज्ञासा हुन सक्दछ । कुन—कुन सामान खरिद गरियो, कति गरियो भन्ने भन्ने जिज्ञासा पनि हुन सक्दछ । त्यसको म छोटो यसमा फेरि तपाईंको भनाइहरू राख्न चाहन्छु।

यस प्रदेशले कोभिड १९ को उपचार, रोकथाम र नियन्त्रणको लागि भएको बजेट निकासा र खर्चको विवरण

- कोरोना कोषको हाम्रो जम्मा रु ३४ करोड ७० लाख ६१ हजार २६०
- निकासा रु १९ करोड ४७ लाख ८१ हजार ५१५
- कोषमा बाँकी १५ करोड २२ लाख ७९ हजार ७४५ रूपैयाँ
- स्वास्थ्यकर्मी जोखिम भत्ता निकासा ५ करोड २७ लाख ७३ हजार

- स्थानीय तहका लागि आइसोलेन व्यवस्थापन खर्च रु. १ करोड, ६७ लाख ८५ हजार
- स्थानीय तहलाई क्वारेन्टाइन व्यवस्थापन खर्च रु.१ करोड ५३ लाख
- विभिन्न स्वास्थ्य संस्थालाई पीपीइ मास्टर आदि खरिद निकासा रु ३ करोड २४ लाख विशेष अनुदान कूल जम्मा निकासा रु ३३ करोड ।

यो संघीय सरकारबाट हाम्रो जिल्ला अस्पताललाई स्वीकृत गर्नका लागि आएको कोभिड शुरु हुनु भन्दा अगाडि नै । यसमा हामीले सबै यो कोभिड १९ को कारणले खरिद प्रक्रियालाई समस्या भएकोले हामीले यो पूरा रकम खर्च गर्न सकेनौं । करिब १२ करोड रकम हाम्रो फिर्ता भएको छ । कुल खर्च रु २० करोड ९५ लाख ८१ हजार भन्दा करिब त्यस्तै १२ करोड रकम फिर्ता भएको छ । दिइसकेको रकम खर्च गर्न नसके फिर्ता हुन्छ । सघन उपचार प्रतिष्ठान स्थापना र सञ्चालनका लागि अहिलेसम्म हाम्रो निकासा भएको १४ करोड ६८ लाख ५३ हजार र खर्च रकम रु ८ करोड ९६ लाख २४ हजार ७२१ यो निकासा भएको रकम खर्च नहुनेको कारण कोभिड १९ को कारणले हामीले खरिद गर्न खोजेका भेन्टिलेटरहरू बजारमा उपलब्ध नभएको, अन्तर्राष्ट्रिय बजारबाट ल्याउनुपर्ने कारणले पनि, कोभिड-१९ को कारणले पनि सबै कुरा पानीजहाज, जहाज सबै बन्द भएको कारणले गर्दा हामीले यो खर्च गर्न सकिरहेका छैनौं । यो प्रक्रिया अहिले पनि फेरि शुरु भएको छ । अक्सिजन प्लान्ट स्थापना एवम् सञ्चालन निकासा ७ करोड ३५ लाख र खर्च रु ३ करोड

९३ लाख ६५ हजार ५२५ रूपैयाँ । यी रकमहरू हामीले निकासा गरेर खर्च गर्ने प्रबन्ध पनि गरेका छौं । अहिले कोभिड-१९ को कारणले हाम्रा यी सबै खर्च हुन नसकेको व्यहोरा यहाँहरू समक्ष जानकारी गराउन चाहन्छु ।

आइसियू, भेन्टिलेटर, अक्सिजन प्लान्टको स्थापनाको विवरण पनि म यहाँहरू समक्ष राख्न चाहन्छु । जिल्ला अस्पताल मुस्ताङ जहाँ अहिलेसम्म हाम्रो भेन्टिलेटर आइसीयू कक्ष स्थापना भइसकेको छैन । हाम्रो नीति चाहि दुईटा दुई बेडसम्मको आइसीयू कक्ष स्थापना गर्ने हो त्यसका लागि चाहिने भेन्टिलेटर र मोनिटर हामीलाई चाहिन्छ । त्यसमा हाम्रो यो खरिद प्रक्रिया चलिरहेको हुनाले ती सामानहरू आइसीयू बेड, भेन्टिलेटर खरिद गरेर ल्याइएको छ स्थापना भएको छैन । तर हाम्रो पोलिसी बदलेर अस्तिनै निर्णय गरेका छौ । यो अक्सिजन प्लान्ट हामीले खरिद गरिसक्या छ । डाइलोसिसको मेसिन त्यहाँ राख्ने हाम्रो योजना छैन । जिल्ला अस्पताल मनाङमा आइसीयू कक्ष बेड २ वटा स्थापना भएको छ । भेन्टिलेटर एउटा स्थापना भएको छ । प्लान्ट अक्सिलन प्लान्ट खरिद गरिएको छ । त्यहाँ पनि हाम्रो डाइलोसिसको मेसिन राख्ने योजना छैन । बेनी अस्पताल म्याग्दीमा हाम्रो आइसीयू कक्ष ५ बेड स्थापना भएको छ । त्यहाँ भेन्टिलेटर २ बेड स्थापना भएको छ । अक्सिजन प्लान्ट खरिद गरिएको छ त्यहाँ र डाइलोसिसको मेसिन एउटा अस्ती भर्खर मात्र मैले उद्घाटन गरेर अब जिल्लामै बसेर डाइलोसिस गर्न पाउने सुविधा प्राप्त भएको छ । त्यसैगरी धवलागिरी उपप्रादेशिक अस्पताल बाग्लुङमा आइसीयूसहितको बेड ३

वटा स्थापना भएको छ । भेन्टिलेटर एउटा छ । यो सञ्चालनमा रहेको छ । यहाँ पनि डाइलोसिसको मेसिन एउटा छ । त्यहाँको डाइलोसिसको काम सञ्चालन भइराखेको छ । पर्वत अस्पताल कुश्मामा आइसीयू कक्ष ५ बेडको स्थापना भाछ र ३ वटा भेन्टिलेटर स्थापना भाछ, र ३ वटै भेन्टिलेटर भएपछि ५ वटा कक्ष सञ्चालन गर्न सकिन्छ भन्ने स्वास्थ्यकर्मीहरूको भनाइअनुसार हामीले त्यही व्यवस्था गरेका छौं र अक्सिजन प्लान्ट हामीले खरिद गरिसकेका छौं । जहाँ  डाइलोसिसको मेसिन एउटा स्थापना गरेर डाइलोसिस गर्ने काम यो वर्षबाट प्रारम्भ भएको छ । मातृशिशु मितेरी अस्पताल कास्कीमा आइसीयू बेड ५ बेड स्थापना भाछ । भेन्टिलट ३ वटा स्थापना गरिसकेका छौं । अक्सिजन प्लान्ट खरिद गऱ्या छ त्यसमा खरिद गरेर ल्याइसकेपछि उत्पादन गर्ने काम अब शुरु हुन्छ हाम्रो त्यहाँ । त्यहाँ हाम्रो डाइलोसिसको मेसिन राख्ने काम किन भएन भने यहाँ हाम्रो पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा पनि भएको कारणले त्यही डाइलोसिस हुने र अरु ठाउँबाट पनि डाइलोसिस हुने भएको हुनाले त्यहाँ हामीले राखेका छैनौं अहिले । जिल्ला अस्पताल स्याङ्जामा हाम्रो आइसीयू बेड स्थापना भएको छैन । नीति हो, आइसीयू बेड खरिद गरेर ल्याइएको, भेन्टिलटर ल्याइनसकेको अघि नै मैले जानकारी गराइसकेको छु लमजुङ, स्याङ्जा र २—३ वटा अस्पतालले खरिद प्रक्रिया अरु अगाडि बढाउन सकेन त्यहाँको मेसुहरूले । हामीहरूले जोड दिएर पनि गर्न सकेनौं । यो वर्ष चाही शुरु हुन्छ त्यो । त्यहाँ पनि डाइलोसिस मेसिन यो वर्ष हामी स्थापना गरेका छौं ।

डाइलोसिस त्यहाँ पनि शुरु भाछ । यस्तै गोर्खा अस्पताल गोर्खामा पनि आइसीयू बेड २ वटा स्थापना भाछ, भेन्टिेलटर पनि स्थापना भाछ, अक्सिजन प्लान्ट खरिद गरी सकिएको छ । त्यहाँ गोर्खा, लमजुङ र मध्यबिन्दुमा हेमो डाइलासिस गएको आर्थिक वर्षमा स्थापना भएको अघिल्लो वर्ष । अहिले ३ वटामा कार्यक्रम गर्ने सोच बनाइराखेका छौं । मध्यविन्दु जिल्ला अस्पताल नवलपुरमा आइसीयू कक्ष ५ बेड स्थापना भाछ, यस्तै २ वटा भेन्टिलेटर छ । त्यहाँ अहिले हेमोडाइलासिस नभएको जानकारी गराउँदछु । गोर्खा, लमजुङ र जिल्ला अस्पताल स्याङ्जा, तनहूँ र नवलपुरमा अक्सिजन प्लान्ट खरिद गरिसकिएको छैन । तर सबै ठाउँमा अक्सिजन प्लान्ट खरिद गरेर अक्सिजन आफैले उत्पादन गरेर सञ्चालन गर्ने बित्तिकै निरन्तर अक्सिजन चाहिने हुन्छ ।

यो कोभिड-१९ को रोकथाम र उपचारको क्रममा धेरै सहयोग दाताले सहयोग गर्नु भएको छ र उल्लेख्य सहयोग गर्ने दाताको नाम उल्लेख गर्न चाहेको छु । तिब्बत एटमस रिजन अफ पीआरसी चाइनाको रिजन गोर्भमेन्टले हामीलाई ४ करोड बराबरको सामान डोनेसन गरेको छ । पहिला पनि उहाँहरूले लेखेर पठाउनु भएको थियो के—के सहयोग चाहिन्छ तपाईहरूलाई फेरि लेखेर पठाउनु भाछ, उहाँहरूलाई धन्यवाद ज्ञापन पत्र पठाएको अवस्था छ । फेरि चाहिने आवश्यक सामग्रीको लिष्ट हामीले पठाएका छौं । त्यसको प्रतिक्रिया जवाफ त्यसको आएको छैन । उहाँहरूले पठाउने भएको अति धेरै सामान भएकाले मैले यहाँ केही सम्झन चाहन्छु :

क्विक टेष्ट किड ४८ सय थान, पीपीई चार हजार थान, भिटिएम वइथ टु भिटिएम, १० हजार थान, आर्टिफिसियल टेष्ट किड १० हजार एक सय थान, सर्जिकल मास्क १००० थान, एन नाइन्टी फाइम मास्क ८ हजार, डिजीटर आइएयस थर्मोमिटर १०० थान, डिस्पोटेबल मेटेरियल डक्टरप्लान ८ हजार थान, सेनिटाइजर १००० थान, डिस्पोजेबल वेदर क्याप ८ हजार थान, मेडिकल आइसोलेसन बुट सू कभर ८ हजार थान, ग्लोब्स १००० थान, फेससिल्ड १००० थान उपलब्ध गराउनु भएको छ । तिब्बत एटमस रिजन अफ पीआरसीको सरकारलाई गण्डकी प्रदेश सरकारकोतर्फबाट, हाम्रो गण्डकी प्रदेश सभाको सभाकोतर्फबाट धन्यवाद ज्ञापन गर्न चाहन्छु । आगामी दिनमा पनि यस्तै खालको कोल्याब्रेसन, पाटनरसीप, सहयोग सदैव कायम रहोस् भन्ने कुरा अनुरोध गर्न चाहन्छु ।

अब अहिले यो पछिल्लो चरणमा हामीले यो स्वाव कलेक्सन गरेर पीसीआर टेष्ट गर्नका लागि हाम्रो अहिले योजना जे छँदै छ आगामी यो तीन चार महिनाभित्र यति चाहिएला भनेर अनुमान गरेर पीपीइ ३३००, थान ६ हजार २ सय ३४ थान यसको लागि २ करोड ४५ लाख ७८ हजार ११० रूपैयाँ, सर्जिकल मास्क १ लाख ३० हजार ९६६ थान खरिद गर्ने प्रक्रिया अगाडि बढाइसकेको छ । यसको लागि १३ लाख ५६ हजार जति खर्च लाग्छ । एन ९५ मास्क ९००० प्रतिको लागि २३ लाख ८९ हजार ९५० रूपैयाँ, आइहेड थर्मोमिटर ५४३ थान जिल्लाको लागि पनि जोडेकाछौं हामीले । यसको लागि २६ लाख

८३ हजार ७५० रूपैयाँ खर्च हुन्छ । डिजिटल थर्मोमिटर ५०० थान त्यसका लागि १ लाख १ हजार ७००, ग्लोब्स ३५ हजार थान यसका लागि ५ लाख ९३ हजार २ सय ५० रूपैयाँ प्रस्तावित छ अहिले । हेभी ग्लोब्स १ हजार थानका लागि ५६ हजार पाँच सय । त्यस्तै भिटिएम ५३ हजार ५०० भिटिएम खरिद गर्ने निर्णय गरेका छौं । यसका लागि ६७ लाख ४ हजार २८५ रूपैयाँ जान्छ । यो अहिले सबै कुराहरू टेन्डरमा गइसक्या छ । त्यस्तै पीसीआर किट ५३ हजार ५०० थान खरिदका लागि १० हजार १०० थान डोनेसन गरेको छँदै छ अरु खरिद गर्ने भिटिएममा पनि १० हजार थान गभमेन्टले पहिले पनि दिएको थियो त्यसकारण अहिले चाही केही अनुदान छ त्यही पनि हामीले खरिद गर्ने कुरा पनि अडर गरिसकेका छौं । यो सबै टेन्टरमा छ सबै कुराहरू । ५३ हजार भिटिएम, ५३ हजार ५ सय पिसिआर किटका लागि डिजिटल थर्मोमिटर, ग्लोब्स, एन ९५ माक्स, पीपीई, सर्जिकल मास्क एयरहेड थर्मोमिटरलगायतका सबै खरिद प्रक्रिया अगाडि बढिसक्या छ । त्यसै प्रकारले यो अवधिमा अवधिमा हामीले पीसीआर मेसिन हामीले ३ वटा खरिद गरेका छौं । नेपाल सरकारबाट अहिलेसम्म हामीलाई पीसीआर मेसिन प्राप्त छैन । हाम्रो अघिल्लो पीसीआर मेसिन ३३ लाख ७६ हजार ४४० मा शुरुको एक थान शुरुको पीपीई लियौं । दोस्रो २५ लाख ८७ हजार ७०० रूपैयाँमा किन्यौं । फेरि तेस्रो हाम्रो ३३ लाख ७६ हजार ४४० रूपैयाँमा फेरि हामीले किन्यौं । यसकारण हामीसँग तीन वटा पीसीआर मेसिन छ । जसको कुल

लागत ९३ लाख २४० हजार ५८० लागेको हो । यसैलाई चाहिने सबै मेसिन सेन्ट्रीफयुजल मेसिन हाइसेफ्टिक केविना ल्याउब कन्युजनेलब, डिक्स, इफेटेन्ज, स्पेयर मेसिन, सेन्टिटाइजर, आईएनए अटो स्क्ट्राक्सन मेसिन, सेनिटाइजर, आरएमए अटोएक्सट्र्यासन मेसिन हामीले ९६एक्स भन्छ एकपटक ९६ वटा टेष्ट गर्न सक्ने क्षमता भएको २ वटा मेसिन हामीले प्रदेश सरकारबाट किनेका छौं । अर्को हाम्रो आरएनए अटोएक्सट्र्यासन किड्स मेसिन हामीलाई संघ सरकारबाट प्राप्त भएको छ । संघ सरकारबाट प्राप्त यही हो अरु ३ वटा पीसीआर मेसिन छ हाम्रो ल्याबमा । प्रदेशको क्षयरोग उपचार केन्द्र ल्याबमा ३ वटा पीसीआर मेसिन र २ वटा अटोएक्सट्र्यासन मेसिन छ । फूल फेजमा यी मेसिनहरूले काम गरे भने २५ सय देखि ३ हजारसम्म पीसीआर टेष्ट हुनसक्छ एक दिनमा । तर हामी अहिलेसम्म त्यो फूलफेजमा चलाएका छैनौं यो सबै फूल फेजमा चलाउने स्थिति बन्यो भने त्यो बेला हाम्रो खर्च अत्यन्त बढ्छ । भीटीएम किट लाखौं लाखौं चाहिने भएको हुनाले अनि जुन यो विलमा हामीले हजार १२ सयमा पीसीआर टेष्ट गरिरहेको छ त्यसैले हाम्रो स्थिति धानिरहेको हुनाले त्यसैमा छौं अहिले र अब यस्तै प्रकारले पीसीआर मेसिन मध्यबिन्दु जिल्ला अस्पताललाई किन्ने प्रयत्नमा छौं । त्यसका लागि अहिले हाम्रो प्रपोजल ४ करोडको छ । यो सबै सामानहरू पछिल्लो चरणमा हामीहरूले ८ करोडको सामानहरू खरिद गर्नका लागि टेन्डर प्रक्रियामा अगाडि बढेका छौं । यति कुरा यहाँहरू समक्ष राखेर यो कोभिड-१९ को रोकथाम नियन्त्रण र उपचारको

सन्दर्भमा माननीय प्रमुख प्रतिपक्षी दलका नेता माननीय कृष्णचन्द्र नेपालीज्यूले उठाउनु भएका विषयहरू, जिज्ञासाहरू, सुझावहरू र यसको बारेमा यहाँहरूको जिज्ञासाहरूलाई सम्बोधन गर्ने क्रममा सबै कुराहरू राखेको हुँ । र आगामी दिनमा पनि हामी यो प्रदेश सभाबाट कोभिड-१९ को रोकथाम नियन्त्रणका लागि प्रदेश सभा सदस्यहरूबाट प्राप्त जो सुझाव छ राय छ । त्यसलाई हामी आत्मसात गर्दै गण्डकी प्रदेश सरकारले कोभिड-१९ को कारणले यहाँको जनताले आइसोलेसन वार्डको वार्ड नपाउने, क्रिटिकल वार्डको उपचार नपाउने स्थिति नबनोस् भनेर हामी गम्भिरतापूर्वक लागेका छौं । अब हाम्रो सेवाहरू बागलुङ र मध्य अस्पतालमा पनि बिस्तार हुने कुरा पनि मैले यो भन्दा अगाडि नै जानकारी गराइसकेको छु । यति कुरा राखेर अब अहिले जुन निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमको जुन हाम्रो कार्यविधि छ मैले यहाँ वेदन गर्न चाहन्छु कार्यविधि सरकारले बनाउने हो । सरकारले नै कार्यान्वयन गर्ने हो । यसकारणले सरकारले बनाएको कार्यविधिको कारणले प्रदेश सभा अवरुद्ध हुने स्थिति बन्यो आगामी दिनमा यस्तो स्थिति नआओस् भन्न चाहन्छु । कार्यविधि कार्यान्वयन गर्ने क्रममा सरकारको के कमी कमजोरी छ त्यो छलफलको विषय हुन सक्दछ । त्यसको आलोचना सुझाव पनि हुन सक्दछ । प्रदेश सरकारलाई बारम्बार घच्घच्याइ राख्ने, सुझाव दिइराख्ने कुरा पनि हुनसक्छ त्यो पनि हामीले ग्रहण गर्ने भनिरहेकै छौं । यसलाई आपसी छलफलको विषय बनाएर प्रदेश सभालाई कसरी गरिमायुक्त, कसरी व्यवस्थित गर्ने भन्ने कुरामा

सत्ता पक्षका प्रतिपक्षका सबै माननीय सदस्यज्यूहरूको सहज र प्रभावकारी सहयोग प्राप्त हुनेछ भन्ने विश्वास प्रदेश सरकारले लिएको छ । अब म के भन्न चाहन्छु भन्दाखेरी हामीले जुन कार्यविधि ल्याएका छौं त्यो कार्यविधिमा थोरै प्रगतिशील कार्यविधि बनाउन खोजेको हो । यस्तो खालको कार्यविधि त ६, ७ करोड खर्च गर्ने माननीयहरूको कार्यविधि छदैछ संघको, प्रतिनीधि सभाका माननीयहरूको । प्रदेश सभाका माननीयहरूको निर्वाचन क्षेत्र कार्यक्रमहरू यो निर्वाचन क्षेत्र कार्यक्रम भएको हुनाले त्यो निर्वाचन क्षेत्रमै केन्द्रित भएर गरिने कार्यक्रम भएको हुनाले त्यही निर्वाचन क्षेत्रप्रति बढी प्रभावकारी ढंगले खर्च हुने कार्यविधि बनायौ भन्ने हामीलाई लागेको हो । तर यहाँहरूको पनि सरोकार रहेको हुनाले त्यसमा पनि हाम्रो सकारात्मक विभेद त त्यहाँ छदै थिएन सकारात्मकताका लागि संघको कार्यविधि हेर्दा एकदमै सबैलाई कुनै विभेद नगरेको सबैलाई समान बनेको तर व्यवहारमा विछट्टै विभेद हुने गरेको स्थितिलाई अन्त्य गर्नका लागि हामीले कमसेकम सम्मानित ढंगले यो कार्यविधिबाटै सबै माननीयहरूको एउटा अस्तित्वलाई स्वीकार गरेर सबै माननीयहरूको निर्वाचन क्षेत्रमा कुनै न कुनै निर्वाचन क्षेत्रको जनताप्रति उत्तरदायित्व रहने गरेर प्रदेश सदस्यहरूको पनि एउटा गरिमा र महत्व बढ्ने गरेर हामीले बनाएको भन्ने लाग्छ । अब त्यसमा माननीय सदस्यहरूले जुन भनाइ राखुभयो आगामी दिनमा यसबारेमा हामी के गर्न सकिन्छ विविध छलफल गरौंला र यसमा यसैको कारणले आज सदन अवरुद्ध नगरेको जानकारी दिनुभयो

त्यसको लागि म धेरै—धेरै धन्यवाद दिन चाहन्छु । यो सदन यसकारणले महत्वपूर्ण थियो कि, यो सदनमा यसपटक हाम्रो अहिलेसम्म हामीले पास गरेका धेरै ऐन, कानून, महत्वपूर्ण ऐन, कानूनहरू पास गरेका छौं । तर यो सदनमा हामी दुई तीन वटा एकदमै महत्वपूर्ण खास गरी प्रदेश प्रहरी ऐन अहिलेसम्मको विधेयकहरूमा सबैभन्दा गहुरगोमध्येको एउटा विधेयक हो भन्ने मलाई लाग्छ । हामीले यो तीन वर्ष पौने तीन वर्ष सरकार चलाउँदा अनुभूत गरेको छ, सबै माननीयको अनुभूति पनि त्यहीं होला भन्ने मलाई लाग्छ । मुख्मयन्त्रीको अनुभूति त्यही छ । के भनेदेखि प्रदेश सरकारसँग निजामति सेवाको कर्मचारी नभइन्जेलसम्म प्रदेश सरकारको प्रदेश प्रहरी संगठन नभइञ्जेलसम्म यहाँ शान्ति सुरक्षा गर्न गाह्रो छ । यहाँ हत्या हिंसा रोक्ने कुरा पनि गाह्रो छ । यहाँ सुशासन कायम गर्ने कुरा पनि गाह्रो छ । यहाँ पूँजीगत खर्च बढाउने कुरा गर्दछ, सरकारको बजेट खर्च गर्ने कुरा पनि कठिन छ । त्यसकारणले हामीले अनुभूति गरेको छ आफ्नो अधिकार छ यद्यपि यहाँ आइसकेपछि कुनै कर्मचारी यो सरकारकोप्रति आफ्नो लोयल्टी नदेखाएको, सरकारको विरुद्धमा लागेको त हामीले पाएका छैनौं । यो हाम्रो लागि एउटा राम्रो काम हो तर सिद्धान्तमा के हुँदोरहेछ भने आफैले निर्माण गरेको, आफैंले उत्पादन गरेको, यही प्रदेशको लागि भनेर उत्पादन गरेको कर्मचारीहरू र अन्य संघबाट आउने कर्मचारीमा फरक हुन्छ भने लाग्छ मलाई । यो अनावश्यक कुनै विषय होइन र प्रदेश अहिले पनि हाम्रो धेरै कामहरू सिडियो कार्यालयहरूसँग सम्बन्धित छ । हाम्रो धेरै

कार्यहरू जिल्ला प्रहरी कार्यालयहरूसँग सम्बन्धित हुन्छ । अहिले जस्तो कोभिडको सामना गर्न अहिले कोभिडको नेतृत्व जिल्लाको कोभिडको नेतृत्व कसरी गर्ने भन्ने स्थिति आयो भने विपतको बेला भएको हुनाले यसका साथसाथमा डाँडाकाँडा हिँड्ने नेपाल प्रहरी या प्रहरी बल या नेपाली सेना र त्यहाँका स्थानीय जनप्रतिनिधिहरू भएको हुनाले जिल्ला प्रशासन कार्यालयको एकदमै महत्वपूर्ण भूमिका हुँदोरहेछ भन्ने कुरा हामीले बुझेका छौं । त्यसकारणले यो सुरक्षा स्थानीय तहको सुरक्षा नीतिहरू बनाउँदा खेरी जिल्ला प्रशासन कार्यालय, प्रमुख जिल्ला अधिकारीहरू, प्रदेश संघ सरकारको अधिकार त्यो भित्र रहने गरेर प्रदेश सरकारको अधिकार क्षेत्र भित्र आएर शान्ति सुरक्षा कायम गर्ने कुरा हो अरु विपत्को व्यवस्थापन गर्नुपर्ने कुराहरूमा, शान्ति सुरक्षा कायम गर्नुपर्ने कुराहरूमा प्रदेश सरकारको नेतृत्वमा बसेन भने उसको संघमा रहेर त्यो काम हुन सक्दैन प्रदेश सरकारको । यसो भएको हुनाले यो सँग जोडिएको प्रदेश प्रहरी संगठन अहिलेसम्म हामीले २०१२ सालको प्रहरी संगठनमा चलिरहेको मुलुक हो यो, संघीयता आइसकेपछि पनि दुई तीन वर्ष त्यसैले चल्यो । पाँच वर्ष त्यसैले चल्यो । अब संघीय प्रहरी ऐन बनाएको छ । संरचना बनाएको छ संघीय प्रहरी ऐनमा नेपाल प्रहरी रहन्छ, नेपाल प्रहरीसँग प्रदेश प्रहरी संगठन हुन्छ भन्ने व्यवस्था गरेको छ । त्यो अनुसार संघीय प्रहरी, संघीय सरकारले चलाउने प्रहरी संघमै रहन्छ प्रदेश सरकारले चलाउने प्रहरी प्रदेशमा रहन्छ । यो प्रदेश प्रहरी संगठनलाई कसरी व्यवस्थित

गर्ने । कसरी सञ्चालन गर्ने, कसरी नियन्त्रण गर्ने भन्ने कुरा यो चाही अहिले व्यवस्था मात्रै गरेको प्रदेश प्रहरी ऐन ऐनमध्येको पनि हेभिवेट ऐन हो भन्ने कुरा म जानकारी गराउन चाहन्छु । यो सदन यो बजेट अधिवेशनबाट हामीले यो ऐन जसरी पनि पास गराउँछौं । यसको ढिलो भएको छ, संसद अवरुद्ध भएको कारणले एउटा कुरा । दोस्रो कुरा, सभामा धेरैको मनमा अझै पनि यो संरचनामाथि धेरै संरचना । अब हामी नयाँ सरकार सञ्चालन गरिरहेका छौं । हामी शून्यबाट शुरु गर्दै छौं । हाम्रो धेरै संरचनै छैन । हाम्रो संरचना अनुसारको जनशक्ति नै छैन । हामीसँग श्रोत र साधन नै छैन । हामीले सधैं संघसँग मागेर मात्रै हुँदैन । हामी आफूले पनि स्थापना गर्नुपर्छ त्यसकारणले एउटा सरकार सरकार जस्तो भएर सञ्चालन हुनका लागि, त्यो सरकारको बजेट खर्च गर्नका लागि, सरकारको नीति तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि, यो प्रदेशभरी शान्ति सुरक्षा कायम गर्नका लागि, यो प्रदेशभरी प्राथमिकता, निर्माणका कामहरू अगाडि बढाउनका लागि पनि हामीलाई संरचनाहरूको आवश्यक पर्दछ । हामीलाई न्यूनतम प्रभावकारी जनशक्तिको आवश्यक पर्दोरहेछ । अहिले हाम्रो खर्च नभएको, पूँजीगत खर्च हुन नसकेको एउटा कारण के छ भने, कर्मचारीको अपर्याप्तता छ । त्यो अपर्याप्तताभित्र पनि प्राविधिक कर्मचारीको झन् अपर्याप्तता छ । हामीसँग अहिले भएको अस्थायी दरबन्दीको कर्मचारी अझै पनि पाएका छैनौं । व्यवस्थापन हुन सकेको छैन र हाम्रो प्रदेशको त्यो व्यवस्थापन गर्नका लागि प्रदेश लोकसेवा आयोगको व्यवस्था छ । त्यसको ऐन बनाएको

हाम्रो झण्डै दुई वर्ष हुन लाइसक्यो । तर पनि हामीले त्यो ऐन कार्यान्वयनमा ल्याउन सकेका छैनौं किन भने त्यो ऐन कार्यान्वयनमा ल्याउनका लागि, प्रदेश लोकसेवा आयोग सञ्चालन गर्नका लागि निजामति सेवा ऐन आउनुपर्‍यो, निजामति सेवा ऐन प्रहरीको जस्तै निजामतिको कसरी व्यवस्थापन गर्ने । प्रदेशले के—के काम गर्ने । कसरी गर्ने । त्यसको वृत्ति विकासको कुरा पनि होला । प्रदेशमा शाखा अधिकृत भर्ना भएर सहसचिव भएर गएको कर्मचारी सचिव हुने बेलामा सचिव भएर माथि संघमा जान पाउने कि नपाउने । हाम्रो नेपाल प्रहरी पनि त्यही छ । एउटा इन्सपेक्टरमा प्रवेश हुन्छ, इन्सपेक्टरमा प्रवेश भएको कुनै व्यक्ति अब उसलाई हामीले प्रमोशन गरेर एसपीसम्म पुर्‍यायौं । हामीले भर्ती गरेको कर्मचारी एसएसपी भन्दा माथि भए पनि हुन्थ्यो । अब हाम्रो एसपी भएको कर्मचारी एसएसपी हुन पाउने किन नपाउने । समावेशी भएर माथि डिआइजी हुन पाउने कि नपाउने । त्यसकारणले गर्दाखेरी यो सबै कुराहरू एकआपसमा संघीय सरकारसँग जोडिएको हुनाले हामीले संघीयतामा यो काम अधुरो हुने प्रबन्ध भएको हुनाले हाम्रो हातखुट्टा बाँधिएको स्थिति बनाइएको हो । जसको कारणले गर्दा खेरी त्यस्तै परिस्थितिमा हामी छौं । त्यस्तै प्रकारले अर्को हाम्रो गण्डकी प्रदेश सरकारहरू, गण्डकी प्रदेश सरकारहरू र स्थानीय सरकारहरू त्यहाँ पनि विदेशी पूँजी चाहिन्छ विकासका लागि । त्यहाँ पनि आधुनिक प्रविधि चाहिन्छ । आधुनिक प्रविधि हामीसँग छैन सबै बाहिरबाट ल्याउनु पर्‍यो । बाहिरबाट ल्याउने जति चिजहरू, प्रविधि ल्याओस, पैसा ल्याओस्,

सबै ल्याओस् त्यो सबै संघीय सरकारको सहमति चाहिन्छ हामीलाई । हाम्रो संविधानले के प्रबन्ध गरेको छ भने अन्तर्राष्ट्रिय सम्बन्ध कायम गर्ने कुरा सबै संघीय सरकारको भन्ने । मान्यताअनुसार सबै कुराहरू हामीले संघीय सरकारसँग गर्नुपर्छ । अन्तरसरकारी वित्त व्यवस्थापन त्यही खालको व्यवस्थापन गरेको छ । प्रदेश सरकारले विदेशी सहयोग लिन पर्‍यो भने आफूखुसी लिन पाउँदैन । संघीय सरकारको सहमति लिएर मात्रै गर्नुपर्छ भनेको हुनाले हामी बाँधिएका छौं । त्यसकारण यो पब्लिक प्राइभेट पार्टनरसीपमा कुनै योजनाहरू सञ्चालन गर्नुपर्‍यो भने या निजी क्षेत्रको कुनै लगानी भित्र्याउन पर्‍यो भने या जोइन भेन्चरका कुराहरू प्रदेश सरकार र अर्को प्रदेश सरकार, प्रदेश सरकार र संघ सरकार, प्रदेश सरकार र अरु निजी क्षेत्र र विदेशको सहयोग ल्याउने कुराहरूमा, विभिन्न सहयोग, हाइड्रोको कुरा होला, उद्योगको कुरा होला, तेलको कुरा होला, सिमेन्ट कारखानाको कुरा होला वा केही खानी सञ्चालन गर्ने कुरा होला धेरै कुराहरू हुन सक्दछ । यी सबै कुराहरू कसरी गर्ने ? त्यसको ऐन छैन हाम्रो । हाम्रो गण्डकी प्रदेश विकास प्राधिकरणको पीपीपी मोडालिटी सहजीकरणको ऐन, निजी क्षेत्रको लगानीलाई सहजीकरण गर्ने ऐन र जोइन्ट भेन्चरका लगानीका कामहरूलाई व्यवस्थित गर्ने, परिचालित गर्ने, छनौट गर्ने यो सबै काम हाम्रो गण्डकी विकास प्राधिकरणले गर्ने यो सबै काम संघ सरकारसँग गर्नुपर्ने भएको हुनाले संघ सरकारसँग हाम्रो सम्बन्ध हाम्रो प्रदेशको अलग–अलग मिनिकीले दिन पाउँदैन । त्यस्तो गर्नुपर्‍यो

भने हाम्रो मुख्यमन्त्री कार्यालयमातर्फ प्रधानमन्त्रीको कार्यालयमा जानुपर्ने भएको हुनाले सबै कामलाई प्रभावकारी ढंगले सञ्चालन गर्न, हाम्रो कार्यसम्पादनमा कुनै मन्त्रालयमा त्यो अधिकार नभएको हुनाले र मुख्यमन्त्रीको कार्यालयमै त्यो अधिकार भएको हुनाले हामीले संघको लगानी बोर्डको नितिहरू पनि त्यहाँ इक्वयल हामीलाई चाहिने कुराहरु पार्नु इन्भाली हुने गरेर हामीले प्रदेश विकास प्राधिकरणको कन्सेप्ट ल्याएका थियो । प्रदेश विकास प्राधिकरणको यो विधेयक पास नगर्दा हाम्रो धेरै कुराहरू    रोकिन्छ । यो गण्डकी प्रदेशले मात्रै प्रदेश विकास प्राधिकरण ऐन ल्याउन थाल्यो भनेपछि हामीसँग धेरै सरोकारवालाको छलफल भइरहेको छ । त्यो ऐनले यो बाटा खोल्छ भनेर हामी यो फेवातालको संरक्षण कसरी गर्ने होला भनेर हिजो मात्र पनि हामीले अमेरिकीहरुसँग छलफल चलायौं । उनीहरूले दुई सयदेखि तीन सय युएस बिलियन डलर करोड ल्याउँछौं । २० देखि ३०, ३५ अरब ल्याउँछौं भनेका हामीले छलफल चलाइरहेका छौं । हाम्रो पनि अलिकति मूल्यांकन के भने फेवातालको सीमांकन भयो भने सीमांकन त्यो मुअब्जाको लागि पनि १५, २० अर्ब लाग्छ । मुअब्जा उनीहरूलाई नदिए पनि अरु ३०, ४० अर्ब लाग्नसक्ने स्थिति हुनसक्छ फूल फेजमा राम्रो बनायो भने । गण्डकी प्रदेशको संवृद्धिको लागि नेपालको संवृद्धिका लागि पनि फेवातालको संरक्षण, संवद्र्धन र विकास आवश्यक छ । यो सबैको ढोका खुलेको छ, कुनै खानीमा हामीले कुराकानी गर्नुपर्‍यो, काम गर्नुपर्‍यो भने कुनै विदेशी खानीमा काम गर्ने प्रदेश सरकारसँग मिलेर काम गर्न पर्‍यो भने यो

ऐनले हामीलाई ढोका खोल्ने हो र यहाँ हामीले एउटा निजी क्षेत्रको विद्युत आयोजनामार्फत सयुक्त विद्युत आयोजना सञ्चालन गर्ने कुरा गरिरहेका छौं । त्यस्तो ऐन छैन अैले । त्यो कुराका लागि पनि यसले ढोका खोल्छ । यसले चाहिदा खेरी अरु पनि निर्माणसँग जोडिएका अरु ऐनहरू पनि बनाउन सक्ने, कानूनहरू पनि बनाउन सक्ने ढोका पनि खोल्या छ, अहिलेको लागि नेपाल सरकारको उर्जा मन्त्रालय जलश्रोत तथा उर्जा मन्त्रालय छँदै छ । त्यसले काम गरिरहेको छ त्यसैले गर्नुपर्ने हो किन एनइए चाहियो, किन नेपाल विद्युत प्राधिकरण चाहियो ? त्यो कामलाई सहज रूपमा सञ्चालन गर्नका लागि अर्को सरंचना चाहियो । विद्युत प्राधिकरणभित्रै विद्युतसम्बन्धी प्राइभेट फर्महरू खोलेर अरु कामहरू पनि गरिरहेको छ । यही मोडालिटी हाम्रो पनि प्रदेश विकास प्राधिकरणले प्रदेशमा प्राधिकरणसँग जोडेर विद्युत विकासको निर्माण खोल्न सक्छ, कुनै निर्माणको कन्सल्टेन्सी खोल्न सक्छ, त्यसले हाम्रो प्रदेशको कामलाई सहजीकरण गर्न सक्छ । यस्तो महत्वपूर्ण विधेयक प्राधिकरण विधेयक हामीले ल्याउँदै छौं । यो विधेयक हामीले यसपटक पारित गर्नुपर्ने छ । हामी अहिले पारित भएसकेको छैन क्याविनेटमा आएको छैन तयारीमा छौं । अर्को यो वर्ष २०७५/०७६ आर्थिक वर्षको जुन महालेखा परीक्षणको प्रतिवेदनले भन्यो, गण्डकी प्रदेशमा धेरै बेरुजु छ । बेरुजुको कुराहरू गर्दा खेरी हाम्रो बेरुजुको कुरा रकममा धेरै देखिए पनि खाली असुल उपर गर्नुपर्ने थोरै नै छ । करिब १ अर्ब ६५ करोडमा ७ करोड जति असुल उपर गर्नुपर्ने देखिन्छ । अरु कति

नियमित गर्नुपर्ने, कागज मिलाउनुपर्ने, प्रमाणहरू जुटाउनुपर्ने, कतिपय पेस्की बेरुजु छ, पेश्की बेरुजु भनिएको चाही हाम्रो बहुवर्षे योजनाहरू छन्, बहुवर्षे पुलहरू बनिरहेको छ, बहुवर्षे ठुल्ठूलो खानेपानीका आयोजनाहरू छन् । ती आयोजनाहरूलाई पहिलो वर्षमै हामीले मोबिलाइजेसन पैसा दिनुपर्‍यो, रकम दिनुपर्‍यो । त्यो रकम सबै फस्र्यौट नभइसकेको हुनाले त्यो त निर्माण सम्पन्न हुँदै जाने क्रममा फस्र्यौट हुँदै जाने हो । त्यसकारण १ अर्ब ११ करोड हाम्रो पेश्की बेरुजु भएको हुनाले हामीलाई त्यो ठूलो हो जस्तो त लाग्दैन । तर पनि त्यो सबै कामहरू पूरा गर्नका लागि पनि हाम्रो अर्थ प्रणाली एकदम पारदर्शी, व्यवस्थित, नियमित र चुस्तदुरुस्त बनाउनका लागि पनि हामीलाई ऐन चाहिन्छ। हामीले आर्थिक ऐन पास गरेका छौं, प्रत्येक वर्ष हामीले आर्थिक प्रतिवेदन पास गर्छौं । त्यसले मात्र पुग्दैन त्यसलाई व्यवस्थित गर्नका लागि एउटा माउ ऐन चाहिन्छ । त्यो माउ ऐन भनेको एकीकृत कारोबार दायित्व ऐन भनेर हामीले ड्राफ्न गरिरहेका छौं । त्यो समूह पनि भर्खर बनाइसकेको छ । त्यो ऐन पनि हामीले सम्भवतः सम्भव भयो भने यो संसदबाट पास गरियो भने हाम्रो आर्थिक क्रियाकलापहरू बढी व्यवस्थित हुने र सार्वजनिक लेखा समितिले उठाइरहेको, अरु माननीयले उठाएको महालेखा परीक्षणले उठाइरहेको वित्तिय सन्दर्भहरू छन्। त्यसलाई न्यूनिकरण गर्दै अगाडि बढ्ने कुरा रहें । एउटा सुशासन कायम गरेर गण्डकी प्रदेशको उत्पादन र निर्माणमा जे चिज खर्च गरिरहेका छौं। प्राथमिकतामा जे खर्च गरिरहेका छौं । हामीले त्यो खर्च अझ व्यवस्थित

होस् । अझ नियमित होस् । अझ त्यो बेरुजु नभैदिए हुन्थ्यो सकभर । भैहाले पनि थोरै होस् । त्यसलाई हामीले फस्र्यौट गर्न सकौं । यी सबै आर्थिक क्रियाकलापहरू नियमित गर्नका लागि यस्तो ऐनको जरुरी छ । यो ऐन पास गर्नका लागि पनि यो सदनको एकदमै महत्व छ । यसकारण यो महत्वपूर्ण सदन आज जुन किसिमले कुरा भएको छ । हामी सबैको लागि खुसीको कुरा हो यसका लागि फेरि पनि म प्रमुख प्रतिपक्षी दल जसले धेरै कुराहरू राख्नु भएको छ । यो विधायन बन्नका लागि उहाँहरूले सहमति जनाउनु भएको छ । त्यसका लागि उहाँहरूलाई धेरै—धेरै धन्यवाद दिन चाहन्छु ।

सबै माननीयज्यूहरू, यो प्रदेश सभाको बैठकलाई अझ प्रभावकारी बनाऔं । यो विगतमा भन्दा पनि आगामी दिनमा प्रदेशमा चलिरहेको बैठकलाई अझ प्रभावकारी, हामीले खोजी नीति गरेर, कहाँ—कहाँको सन्दर्भलाई ल्याएर कसरी हाम्रो ऐनहरूलाई व्यवस्थित गर्न सकिन्छ, प्रभावकारी बनाउन सकिन्छ । कहिलेकहिले हामी विशेष समय लिन्छौं, कहिलेकहिले शून्य समयको कुरा पनि राख्छौं हामी । यी सबै कुराहरू पनि यहाँहरूको प्रभावकारी प्रस्तुति होस् भन्ने म चाहन्छु । यो सदनमा अरु सदनमा भन्दा अलिकति बढी तिखारिएको प्रस्तुतीहरू यदाकता देख्न पाएका छौं । त्यसमा अझै बिस्तार होस्, सधैं होस् त्यो शुभकामना पनि दिन चाहन्छु म । त्यसरी मात्र हामीले प्रदेशको औचित्य साविक गर्न सक्छौं । प्रदेश सभाको औचित्य प्रभावकारी बनाएर मात्रै, प्रदेश सरकारको कामलाई प्रभावकारी बनाएर मात्रै प्रदेश सरकार औचित्यपूर्ण छ,

संघीयताको मूल मर्म बोकेको सरकार प्रदेश सरकार हो भन्ने कुरा यो कोभिडले दिएकै छ । कोभिडको समयमा जुन पहलकदमी हाम्रो प्रदेश सभाले प्रकट, व्यक्त गऱ्या छ । प्रदर्शन गऱ्या छ । प्रदेश सरकारले जुन तदारूपता देखाएर काम गरेको छ । स्थानीय सरकारलाई पनि संघ सरकारसँग समन्वय गराएको छ यो प्रभावकारी छ । र प्रदेश सरकारको औचित्य पुष्टि गरेको छ यसले । यसकारणले गर्दा खेरी हामीले आफ्नो ठाउँलाई बलियो बनाउनका लागि पनि फेरि पुनः माननीयज्यूहरूको भूमिका अझै प्रभावकारी रहोस् भन्ने अनुरोध गर्दै सभामुख महोदयको अनुमतिले म आफ्ना भनाइ अन्त्य गर्न चाहन्छु । धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्यहरू अब म माननीय सामाजिक विकास मन्त्री श्री नरदेवी पुन मगरज्यूलाई गण्डकी प्रदेशमा खेलकुदको विकास गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्मानित सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय सामाजिक विकास मन्त्री नरदेवी पुन मगर**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले खेलकुदको माध्यमबाट मुलुकको राष्ट्रिय एकता प्रवर्द्धन गर्दै स्वस्थ, सक्षम र अनुशासित खेलाडी तथा सिर्जनशील नागरिक तयार गर्न तथा नेपाल खेलाडीको व्यवसायिक सुरक्षा गर्दै प्रदेशस्तरमा खेलकुदको संरक्षण, संवद्र्धन र विकास गर्न, खेलकुदको

सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय देखिएको हुँदा प्रस्तुत खेलकुदको विकास गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक नेपालको संविधानको धारा १९८ को उपधारा १ तथा गण्डकी प्रदेश सभा नियमावली २०७४ को नियम १०६ बमोजिम सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु । धन्यवाद

**माननीय सभामुख**

माननीय सदस्यहरू अब म माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरिबहादुर चुमानलाई गण्डकी प्रदेश प्रहरीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्मानित सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय आन्तरिक मामिला तथा कानून मन्त्री हरिबहादुर चुमान**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले संविधान प्रद्धत मौलिक हक र मानवअधिकारको संरक्षण गर्दै प्रदेशमा शान्ति र व्यवस्था कायम गर्न, अपराधको रोकथाम, नियन्त्रण र अनुसन्धान गर्न तथा कानून कार्यान्वयन गर्नका लागि गण्डकी प्रदेश प्रहरीको गठन, सञ्चालन, सुपरीवेक्षण र समन्वय गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्चनीय देखिएको हुँदा प्रस्तुतगण्डकी प्रदेश प्रहरीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक नेपालको संविधानको धारा १९८ को उपधारा १ तथा गण्डकी प्रदेश, प्रदेशसभा नियमावली २०७४ को नियम १०६ बमोजिम सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरू, अब म मिति २०७७ साल साउन २२ गतेको सभाको बैठकमा प्रस्तुत भई मिति २०७७ साल साउन २३ गते बसेको सभाको बैठकबाट दफावार छलफलका लागि विधायन समितिमा पठाइएको गण्डकी प्रदेश विकास प्राधिकरणको स्थापना र सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको प्रतिवेदनसहितको विधेयक सभासमक्ष प्रस्तुत गर्न सो समितिका सदस्य माननीय श्री राजीव पहारीलाई अनुमति दिन्छु ।

**माननीय राजीव पहारी**

माननीय सभामुख महोदय, मिति २०७७ साल श्रावण २३ गते बसेको यस सभाको बैठकको निर्णय अनुसार दफावार छलफलका लागि विधायन समितिमा पठाइएको प्रस्तुत गण्डकी प्रदेश विकास प्राधिकरणको स्थापना र सञ्चालन गर्न बनेको विधेयक सम्बन्धमा छलफल गर्न मिति २०७७ सालन श्रावण ३०, ३१ र भाद्र १ गते समितिको बैठक बसेको थियो । समितिको बैठक समितिका माननीय सभापति मोहनप्रसाद रेग्मी र समितिका ज्येष्ठ सदस्य माननीय कृष्णचन्द्र नेपालीको अध्यक्षतामा बसेको थियो । बैठकमा समितिका सदस्यहरूमा आशा कोइराला, चन्द्रबहादुर बुढा, धनञ्जय दवाडी, धनमाया पोखरेल लामा, पियारी थापा, पुष्पा केसी भण्डारी, मणिभद्र शर्मा, मनबहादुर गुरुङ, राजीव पहारी, ललितकला गुरुङ, विष्णुप्रसाद लामिछाने, सावित्रा राना, माननीय आन्तरिक मामिला तथा कानूनमन्त्री हरिबहादुर चुमानसमेतको उपस्थिति रहेको थियो । त्यसैगरी

समितिले सम्बन्धित क्षेत्रका विज्ञहरूसँगसमेत भर्चूअल बैठक गरी छलफल गरिएको थियो । यसप्रकार विभिन्न मितिमा समितिको बैठक बसी व्यापक छलफल गरी सबैको राय र परामर्शलाईसमेत समावेश गरी विधेयकको दफा ४ को उपदफा १ देखि ४ सम्म दफा ८ को उपदफा १, दफा १८ को उपदफा २ को खण्ड झ, दफा २६ को उपदफा ३ र दफा २८ को उपदफा ४ मा माननीय मणिभद्र शर्माद्वारा मिति २०७७/०४/२५ गते दर्ता गर्नुभएको संशोधन प्रस्ताव विधायन समितिमा फिर्ता नलिनु भएकोले नियमानुसार सभाबाटै प्रक्रिया अगाडि बढाउने गरी प्रस्तुत विधेयकका सम्बन्धमा बहुमतबाट निर्णय भए बमोजिम संलग्न संशोधनसहितको विधेयकको प्रतिवेदन गण्डकी प्रदेश प्रदेश सभा नियमावली २०१४ को नियम ११९ बमोजिम सम्मानित सभा समक्ष पेश गर्दछु ।

राजीव पहारी, सदस्य विधायन समिति

मिति : २०७७/०६/०५

धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरू, अब यो बैठक २०७७ साल असोज ६ गते दिनको ११ बजेसम्मको लागि स्थागित हुन्छ ।